स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प.सं: २०७९/८०

**<u>सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना</u>**

(प्रथम पटक सूचना प्रकाधन मिति २०७९/१२/३०)

हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको लागि अपाङ्गता भएका व्यक्तिहरुका लागि सरकारले प्रदान गर्ने सेवा सुविधामा लक्षित वर्गको पहुँच अभिवृद्धि गराउन सहयोग तथा सहजिकरण गर्न तपसिलको पदमा देहायका संख्या र योग्यता भएको कर्मचारी करारमा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र माग बमोजिमका कागजात र तोकिएको शुल्क तिरेको रसिद सहित कार्यालय समयमा रितपूर्वक दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। करारको लागि दरखास्त फाराम कार्यालयको वेवसाईट https://helambumun.gov.np/sample-forms बाट डाउनलोड गर्न सकिनेछ।

<u>तपसिल:</u>

| क्र.स. | विज्ञापन नं | पद | श्रेणी/तह | माग संख्या | परिक्षाको किसिम | आवश्यक न्यूनतम शैक्षिक योग्यता | लाग्ने दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १. | ०१६-०७९/८० | अपाङ्गता सहायता सहजकर्ता | प्राथमिक तह तृतीय श्रेणी | १ | प्रारम्भिक सूची प्रकाशन र अन्तरवार्ता | मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा १२ कक्षा उतीर्ण गरेको | ३००/- |

१. **आवेदनमा संलग्न गर्नुपर्ने कागजातहरु:** व्यहोरा खुलेको निवेदन, व्यक्तिगत विवरण (Curriculam Vitae), उमेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपीं र कामको अनुभव खुलेको कागजातहरुको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्ने छ।

२. **सहजकर्ताको लागि चाहिने थप योग्यताहरु:**
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।
- अपाङ्गता व्यवस्थापन सम्बन्धि तालिम पाएको वा अपाङ्गता व्यवस्थापनका काम गरेको अनुभव भएकोलाई प्राथामिकता दिईने ।
- योग्यता पुगेका अपाङ्गता भएको व्यक्तिलाई विशेष ग्राह्यता दिईने ।
- कम्प्युटर सम्बन्धी सीप भएको।
- योग्यता पुगेका स्थानीय नागरिकलाई थप प्राथमिकता दिईने ।

**विनोद रोका**
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प.सं: २०७९/८०

मिति: २०७९/१२/२९

## अपाङ्गता सहायता सहजकर्ताको कार्यविवरण

- स्थानीय तहले वितरण गर्ने अपाङ्गता परिचयपत्र वितरणका लागि आवश्यकता अनुसार महिला तथा बालबालिका शाखालाई सहयोग गर्नु ।
- अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन, अद्यावधिक, तथा सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्नु ।
- स्थानीय तहमा रहेका अपाङ्गता भएका बालबालिका विद्यालय बाहिर रहेको भए आवश्यक परामर्श गरी विद्यालय भर्ना गराउनका लागि पहल गर्ने ।
- विद्यालयमा भर्ना भएका बालबालिकालाई नेपाल सरकारबाट पाउने निःशुल्क शिक्षा, छात्रबृति, पाए नपाएको अभिलेखीकरण गरी सम्बन्धित शाखमा जानकारी गराउने र छात्रबृति वर्गिकरणमा शिक्षा शाखालाई सघाउने ।
- अपाङ्गता सहायता सहजकर्ताले गाउँपालिका स्थित अपाङ्गता समन्वय समिति, लेखाजोखा प्राविधिक समिति तथा वडा तहको व्यक्तिगत सहायता सिफारिस समिति संग समन्वयकारी भूमिका खेल्ने ।
- स्थानीय तह भित्र निर्माण भएका सार्वजनिक भौतिक संरचना अपाङ्गता मैत्री भए नभएको अभिलेखिकरण गरी समन्वय समितिमा प्रतिवेदन दिने ।
- सरोकारवालाहरुलाई अपाङ्गता संम्बन्धि सचेतना जगाउने र जानकारी गराउने ।
- सहायता कक्षमा सल्लाह सेवा सुविधा बारेमा परामर्श दिने र अभिलेख राख्ने ।
- सहायक सामग्रीहरुका लागि सहजीकरण गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको संस्था वा अपाङ्गताका लागि सेवा प्रदान गर्ने संस्थाहरुसंग समन्वय र सहकार्य गर्ने तथा विभिन्न क्रियाकलापमा सहभागिताका लागि समन्वय गर्ने ।
- स्थानीय तहमा अपाङ्गता सम्बन्धि विभिन्न सूचना, पर्चा, ब्रोसियर, फलेक्स तयार गरी वितरण गर्ने ।
- स्थानीय तहमा सेवा लिन आउने अपाङ्गता भएका व्यक्तिहरुको लागि सहज पहुँच हुने गरी सेवा सुविधा प्रवाह गर्नका लागि आवश्यक सहयोग गर्ने र समुदायमा आधारिता पुनरुथापना कार्यक्रम कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने ।
- सहजकर्ताले आवश्यक्ता अनुसार फिल्डमा गएर सूचना संकलन र सेवा सुविधा प्रदान गर्ने ।

विनोद रोका

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
# हेलम्बु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सं: २०७९/८०

मिति:२०७९/१२/३०

३. **आवेदन दस्तुर बुझाउनः** बैंकिङ विवरण
**बैंकको नामः** नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि,
**खाताको नामः** GA 1.1 HELAMBU GA.PA. AANTARIK RAJASHO KHATA
**खाता नं** १७००१४००००००७९
वा गा.पा. कार्यालयमा आवेदन दस्तुर बुझाउन सकिने छ।

४. **उमेरः** दरखास्त दिने अन्तिम मिति सम्ममा अठार बर्ष पुरा भई चालीस वर्ष ननाघेको।

५. **सेवा सुविधाः** प्राथमिक शिक्षा तृतिय श्रेणी सरहको सुरु तलब स्केल बराबरको तलब।

६. **कार्यअवधिः** १८ महिना

७. **दरखास्त दिने अन्तिम मितिः** २०८०/०१/०६ गते कार्यालय समय भित्र। (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सार्वजनिक बिदा पश्चात कार्यालय खुल्ने पहिलो दिन।)

८. **दरखास्त पाईने र दिने स्थानः** हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय।

**नोटः** अपाङ्गता सहायता सहजकर्ताको कार्यविवरण यस कार्यालयको वेवसाईटबाट हेर्न सकिने छ।

..........................
विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत